मिति २०७३/४/५ गतेका दिन प्र.जि.अ. श्री डा.मान बहादुर बीकेज्यूको अध्यक्षतामा बसेको जिल्लास्थित कार्यालय/संस्थानहरुको प्रमुखको बैंठकमा भएको निर्णयः-

१. गृह मन्त्रालय (नीति योजना तथा अनुगमन शाखा) को च.नं.९६३, मिति २०७३/३/७ को ध्यानाकर्षण सम्बन्धमा बिषयक पत्रको व्यहोरा बैंठकमा अवगत तथा छलफल भई तपशिल बमोजिम गर्ने, गराउने निर्णय गरियो ।

तपशिलः-

क. जिल्लास्थित सरकारी कार्यालय एवं संस्थानहरुमा कार्यरत कर्मचारीहरुले समय पालना, पोशाक तथा परिचयपत्र नियमित रुपमा लगाउने व्यवस्था मिलाउने ।

ख. जिल्लास्थित सवै सरकारी कार्यालय एवं संस्थानहरुले सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली २०६५ मा भएको व्यवस्था अनुसार ऐन नियमावलीले तोकेको प्रावधानहरु पुरा नागरिक वडापत्र राख्ने, राख्न लगाउने । सेवाग्राही धेरै हुने कार्यालयमा डिजिटल वोर्ड तथा अडियो नागरिक वडा पत्र राख्ने व्यवस्था गर्ने गराउने साथै नागरिक बडापत्रको संगालो प्रकाशन गर्दा कार्यालय सम्पर्क नं.(फोन र फ्याक्स), कार्यालय प्रमुख/सूचना अधिकृत/गुनासो सुन्ने अधिकृतको सम्पर्क नं. (कार्यालय, निवास र मोबाईल नं.) समेत अनिवार्य रुपमा राख्ने, राख्न लगाउने व्यवस्था मिलाउने ।

ग. प्रकाशित नागरिक वडापत्रको संगालोलार्य गा.वि.स.,न.पा.का प्रत्यके वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, मा.वि.एवं उच्च मा.वि.हरु तथा विभिन्न सामुदायिक एवं सामाजिक संघसंस्थाहरुसम्म पुऱ्याई व्यापक रुपमा स्थानीय संचारमाध्यमहरुबाट समेत प्रचार-प्रसार गर्ने गराउने व्यवस्था मिलाउने ।

घ. जिल्लामा सवै सरकारी कार्यालयहरुले सरकारी सवारी साधनलाई मठमन्दिर दर्शन तथा व्यक्तिगत प्रयोग नगर्ने व्यवस्था मिलाउने ।

२. जिल्लास्थित सवै सरकारी कार्यालय एवं संस्थानहरुले आ-आफ्ना कार्यालयहरुको वार्षिक प्रगति विवरण बैंठकमा जानकारी/छलफल तथा समिक्षा भयो । आ-आफ्ना कार्यालयहरुले संक्षिप्त बार्षिक प्रतिवेदन तयार गरी एक हप्ताभित्र जिल्ला प्रशासन कार्यालय, मकवानपुरमा समेत पठाउने ।

३. भूकम्प पीडितहरुलाई आएको अनुदान बितरणसँग सम्बन्धित कार्यलाई प्राथमिकता दिई कार्य गर्ने व्यवस्था मिलाउने तथा अनुदानसँग सम्बन्धित कार्यालयहरुले यस कार्यालाई प्रभावकारी ढंगले अगाडि वढाउने ।

४. जिल्लाका विभिन्न स्थानहरुमा विद्युत् पोलहरुबाट विद्युतीय तारहरु धेरै तल झुण्डिको अवस्थामा रहेकोले त्यसबाट दुर्घटनाहरु हुन सक्ने कुरालाई ध्यान दिई नेपाल विद्युत् प्राधिकरण, हेटौंडा वितरण केन्द्र, हेटौंडाले तुरुन्त मर्मत गर्ने, गराउने व्यवस्था मिलाउने ।

५. महिला तथा वालवालिका कार्यालय, मकवानपुरले हिंसा पीडित महिला तथा बालबालिकाहरुको आश्रयको लागि सेफ हाउस स्थापना गर्न जग्गा व्यवस्थापनका सम्बन्धमा हेटौंडा उपमहानगरपालिका कार्यालय र नापी कार्यालयले आवश्यक प्रक्रिया अघि बढाउने ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय मकवानपुर

डा.मान बहादुर बीके
प्रमुख जिल्ला अधिकारी